# उमाकुण्ड गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

## आ.व.०७९/०८०



उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप,
बागमती प्रदेश, नेपाल ।

श्री उपाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु,

नेपाल संघीय संरचनामा गईसकेपछिको दोश्रो स्थानीय तहको निर्वाचनबाट उमाकुण्ड गाउँपालिकाको अध्यक्ष पदमा पुन निर्वाचित गराउनु हुने आम उमाकुण्ड बासी दाजुभाई दिदीबहिनीहरु तथा आम मतदाता प्रति आभार र धन्यवाद प्रकट गर्दै यो बाह्रो गाउँसभामा उमाकुण्ड गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न चाहान्छु । यसरी दोश्रो पटक नागरिकको मत प्राप्त गरि गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम सभामा पेश गर्न पाउँदा हर्ष विभोर भएको छु । आम उमाकुण्ड वासी नागरिकको इच्छा आकांक्षा र समृद्धिको चाहाना पुरा गर्ने सन्दर्भमा उमाकुण्ड गाउँपालिकाको समग्र विकासको खाका, जननिर्वाचित प्रतिनिधिहरुको सोच, लक्ष्य र प्रतिवद्धतालाई सभामा योजनाबद्ध ढंगबाट पेश गर्न पाउनु गर्वको विषय हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको निर्माणको चरण सम्म आईपुग्दा व्यवस्था परिवर्तनको लागी आफ्नो प्राणको आहुति दिनुहुन सहीदहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाईते अपांग, तथा वेपत्ता व्यक्ति तथा तिनका परिवारहरु प्रति हार्दिक सम्मान अर्पन गर्न चाहान्छु । साथै उमाकुण्ड गाउँपालिकाको विकास समृद्धि र परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आउनुहुने सवैसवैमा सम्मान प्रकट गर्न चाहान्छु ।

प्राप्त श्रोत साधनको समानुपातिक वितरण मार्फत गाउँपालिकाको सबै क्षेत्र वर्गको उत्थान मार्फत न्यायपूर्ण समाज एवम् न्यायपुर्ण उमाकुण्ड गाउँपालिका  निर्माण गर्ने गरी आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेको छु । उमाकुण्ड गाउँपालिका र उमाकुण्ड वासी जनसमुदायको समृद्धि र विकासको लागी कृषि, पशुपालन, पर्यटन र उद्यम विकास एवम विस्तालाई मुख्य प्रथामिकतामा राख्ने र गुणस्तरिय शिक्षा तथा आधारभूत स्वास्थ्य सेवालाई निशुल्क एवम् व्यवस्थित गर्ने वार्षिक नीति तथा कार्यक्रमको मुख्य लक्ष्य रहेको छ ।

भौगोलिक हिसावले विशाल ४५१.९९ वर्ग कि.मि.मा फैलिएको उमाकुण्ड गाउँपालिकाले गरेको सर्भेक्षण अनुसार उमाकुण्ड गाउँपालिकामा ५२११ घरधुरी र २५८९२ हजार जनसंख्या भएको देखिन्छ, तर राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजामा उमाकुण्ड गाउँपालिकाको घरधुरी संख्या ४०६३ र जनसंख्या २०६८ सालको जनसंख्या भन्दा पनि घटेर १६७०९ रहेको तथ्यांक सार्वजानिक भएको कुरा सर्वविदितै छ । उमाकुण्ड गाउँपालिकाको विकास र समृद्धिमा सवैभन्दा ठुलो चुनौतिको रुपमा रहेको भौगोलिक विकटता र विशाल भुगोल हो, यस्ता किसिमको चुनौतिको बावजुद संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने विभिन्न किसिमको अनुदानहरु हस्तान्तरण हुँदा उमाकुण्ड गाउँपालिकालाई प्राथमिकतामा राख्नुको सट्टा विभेदको व्यवहारको सामान गरिरहेका छौ । साथै समाज विकासको लागी क्रियाशिल

राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरु समेत सुगम स्थानमा मात्र केन्द्रित हुनु दुर्भाग्य पुर्ण हो । यसर्थ संघीय सरकार, प्रदेश सरकार र क्रियाशिल सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरुलाई यस गाउँपालिकाको चुनौतिलाई मध्यनजर गरि उमाकुण्ड गाउँपालिकाको समृद्धिको लागी यस गाउँपालिकालाई प्राथमिकतामा राखिदिनुहुन हार्दिकता पुर्वक अनुरोध गर्न चाहान्छु ।

अनेकौ चुनौतिको बाबजुद पनि उमाकुण्ड गाउँपालिका प्रचुर सम्भावना भएको गाउँपालिका हो। व्यवसायिक र बजारकेन्द्रित आर्थिक गतिविधि न्यून भएतापनि प्राकृतिक श्रोतको प्रचुरता भौगोलिक एवम साँस्कृतिक विविधता यो गाउँपालिकाको समृद्धिको आधार हो । करिव १००० मेगावट भन्द बढि विद्युत उत्पादनको सम्भावना बोकेको यो गाउँपालिकामा हाल करिव ५०० मेगावट विद्युत उत्पादनको लागी निजी क्षेत्रको लगानीमा काम भईरहेको छ भने करिव ८२ मेगावट विद्युत उत्पादन शुरु भई केन्द्रिय विद्युत प्रशारण लाईनमा जोडिसकेकोमा यस आर्थिक वर्षमा मात्र ति योजनाबाट उमाकुण्ड गाउँपालिकालाई विद्युत रोयल्टि प्राप्त हुन थालेको छ । यसरी निजी लगानीबाट विद्युत उत्पादनमा क्रियाशिल सवैलाई हार्दिक धन्यवाद व्यक्त गर्दै गाउँपालिकासँगको समन्वय र सहकार्यमा थप योजनाहरु निर्माणको लागी निजी क्षेत्रलाई प्रोत्साहित गर्दै लगानिको उचित वातावरण तयार गर्ने तर्फ उमाकुण्ड गाउँपालिकाले ध्यान केन्द्रित गर्नेछ ।

प्राकृतिक सम्पदाले भरिपुर्ण उमकुण्ड गाउँपालिका आन्तरिक तथा बाह्य पर्यटनको अति सम्भावना भएको गाउँपालिका हो । विगत देखि आन्तरिक तथा बाह्य पर्यटनको आकर्षणको केन्द्र बन्दै आएको उमाकुण्ड गाउँपालिकामा पर्यटकिय संरचनाहरुको निर्माण र नयाँ पर्यटकिय गन्तव्यको विकास गर्ने तर्फ गाउँपालिकाको ध्यान केन्द्रित भईरहेको छ । हाल प्रसिद्ध धार्मिक तथा पर्यटकिय स्थल ताँमेडाँडा, विशेष धार्मिक महत्व बोकेको उत्तरकाशी (उमातिर्थ) लगाएत अन्य वडाहरुमा समेत विभिन्न पर्यटकिय पार्क र अन्य पर्यटकिय संरचना निर्माणको काम भईरहेको छ भने नेपालकै प्रसिद्ध र एतिहाँसिक प्राकृतिक गुम्वा कावाछेर्तोन गुम्वाको विकास र प्रचार प्रसारमा समेत गाउँपालिकाले विशेष ध्यान पुर्याउने छ ।

जातीय तथा धार्मिक विविधताले भरिपुर्ण उमाकुण्ड गाउँपालिकाको विभिन्न जातजाती तथा धार्मिक तिर्थस्थलहरुको निर्माण र प्रचार प्रसार गरि त्यसलाई पर्यटकिय गन्तव्य र अध्ययण अनुसन्धानको केन्द्रको रुपमा विकास गरिने नीति लिईनेछ ।

संघीय संरचना निर्माण भएपछिको पहिलो निर्वाचणबाट निर्वाचित भएपश्चान जनताले अनुभुत गर्ने गरि रुपान्तरण एवम परिवर्तन र विकासका कार्यहरुको शुरुवात भएको थियो । गाउँपालिकाको प्रमुख एवम महत्वपुर्ण पुर्वाधारको योजनाहरु मध्ये कतिपय सम्पन्न भईसकेको छन भने कतिपय योजनाहरु क्रमश सम्पन्न हुने चरणमा छन् ।

पहिलो निर्वाचणबाट निर्वाचित जनप्रतिनिधिहरुको पाँच वर्षे कार्यकाल समाप्त भएको छ । शुन्य विन्दुबाट यात्रा शुरु गरेर नयाँ अनुभव र अभ्यासका साथ महत्वपुर्ण र ठोस उपलब्धिहरु हाँसिल गर्न उपलब्ध श्रोत साधनहरुको समुचित प्रयोग र परिचालन गर्दै जनतामा विकास निर्माण लगाएत तमाम कामहरुबाट दरिलो आशा विश्वासको जग तयार गर्न हामी सफल भएको छ ।

अघिल्ला पाँच वर्षको हाम्रो सिमित लक्ष्य र उद्धेश्यहरु थियो । ति मध्ये गाउँपालिकाको केन्द्र सम्म कालोपत्रे सडकको सुनिश्चितता गर्ने, सवै वडाहरुको टोल वस्ति सम्म केन्द्रिय विद्युत प्रशारण लाइनको विस्तार गर्ने विद्यालयको संरचनाहरु निर्माण सम्पन्न गरि शिक्षाको गुणस्तर अभिवृद्धिको योजनाहरु अगाडी सार्ने, स्वास्थ्य संस्थाहरुको संरचना निर्माण गरि आधरभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने, गाउँपालिकामा डाक्टर सहितको अस्पताल निर्माण गर्ने, मध्यमार्गी सडकको शुरुवात गरि त्यसको स्तरोन्नति गर्ने, वडा कार्यालयहरु सम्मको सडक बाह्रै महिना सवारी साधन चल्ने गरि स्तरोन्नति गर्ने, सरकारी कार्यालयहरु प्रविधिमैत्री बनाउने, ईन्टरनेट सेवाको विकास र विस्तार गर्ने काममा उमाकुण्ड गाउँपालिकाले महत्वपुर्ण उपलब्धि हाँसिल गरि उल्लेखित योजनाहरु सम्पन्न हुने चरणमा छ ।

नेपालको संविधान २०७२ ले प्रदान गरेको एकल र साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था बमोजिम उमाकुण्ड गाउँपालिकाले अंगिकार गरेको उमाकुण्ड गाउँपालिकाको समृद्धिको आधारहरु, निर्वाचणको वेला जनता सामु जारी गरेको विभिन्न राजनितिक दलका प्रतिवद्धतापत्रहरु, तयार हुँदै गरेको उमाकुण्ड गाउँपालिकाको आवधिक योजना, उमाकुण्ड गाउँपालिकाको वार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र अघिल्लो पाँच वर्षको उपलब्धि, अनुभव र अनुभुति आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम तर्जुमाको आधारहरु हुन ।

आम उमाकुण्ड वासी नागरिकहरुको आर्थिकस्तर अभिवृद्धि गरि सुखी र सरल जीवन यापनलाई टेवा पुर्याउन आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्येक्ष योगदान पुग्ने, उत्पादनमुलक र प्रतिफल प्राप्त हुने खालको विशेष कार्यक्रमहरुलाई प्राथमिकतामा राखि अव म उमाकुण्ड गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को विषय क्षेत्रगत नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश गर्न चाहान्छ ।

## आर्थिक विकास क्षेत्र

### कृषि तर्फ

१) उमाकुण्ड गाउँपालिका वासी नागरिकहरुको समृद्धिको प्रमुख आधार कृषि नै हो । तसर्थ कृषि पेशालाई व्यवसायिकरण र आधुनिकिकरण गर्दै निर्वाहमुखि खेती प्रणालीबाट व्यवसायीक खेती तर्फ कृषकलाई आकर्षित गर्दै कृषि पेशलाई मर्यादित पेशाको रुपमा विकास गर्दै लगिनेछ।

२) कृषकलाई वाली विविधिकरण, उत्पादकत्व वृद्धि, बजारसँगको पहुँच, आधुनिक कृषि प्रविधि र व्यवसायिकता जस्तो विषयमा प्रशिक्षण प्रदान गर्ने गरि **कृषक प्रशिक्षण कार्यक्रम** र अगुवा कृषकहरुको अवलोकन भ्रमण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३) स्थानीय कृषि उपजको प्रवर्दन र बजारीकरण गर्न कृषि हाटबजारलाई व्यवस्थित गरिनेछ भने गाउँपालिकाको विभिन्न स्थानहरुमा रष्टिक हाउस, चिस्यान केन्द्र, कृषि उपज संकलन केन्द्रको स्थापना गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

४) वैदेशिक रोजगारबाट फर्किएका र गाउँमानै व्यवसाय गरिरहेको युवाहरुको ज्ञान, सीप क्षमतालाई कृषि पेशामा आकर्षित गर्न युवा लक्षित कृषि तथा पशुपंक्षी कार्यक्रमलाई व्यवस्थित रुपमा अगाडी बढाईनेछ।

५) फलफुल, तरकारी तथा डालेघाँस लगाएतका अन्य विरुवाहरुको माग स्थानीय श्रोतकेन्द्र बाटै आपुर्ति गराउन व्यवस्थित नर्सरी स्थापना गरि त्यसलाई व्यवस्थित रुपमा अगाडी बढाई

६) खाद्यन्न तरकारी तथा फलफुलजन्य उत्पादनलाई उच्च प्राथमिकता दिई उत्पादन अभिवृद्धि गरि आत्मनिर्भर बन्न धान,मकै, आलु, किवि, र सुन्तला जातका फलफुलको पकेट कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७) कृषि उत्पादनमा बृद्धि र बाह्रै महिना खेती गर्ने वातावरण तयार गर्नको लागी साना सिंचाई, प्लास्टिक टनेल निर्माण, उन्नत कृषि विउ विजन वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८) घर परिवारमा स्वस्थ, सफा र ताजा फलफुल प्रयोगको सुनिश्चितता गर्न भुगोल र हावापानी सुहाउँदो प्रत्येक घर परिवारले कम्तिमा त्यस घरपरिवारमा रहेको सदस्य संख्या वरावर हिउँदे तथा वर्षे फलफुलको विरुवा रोप्ने कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाईनेछ ।

९) सामुहिक खेती प्रणालीको विकास र विस्तार गर्ने उद्धेश्य सहित सामुहिक खेती तथा पशुपालन गर्ने कृषकहरुको समुहलाई विशेष अनुदानको व्यवस्था मिलाईनेछ ।

१०) कृषि उत्पादनको लागि गुणस्तरीय सामाग्रीहरु र कृषियन्त्र तथा औजार, उन्नत बिउ बिजन, उन्नत प्रविधिको विकास र विस्तारमा उच्च प्राथमिकता दिइनेछ । कृषि उत्पादनमा प्रयोग हुने सामाग्रीहरु समयमानै आपूर्तिको व्यवस्था मिलाउँदै किसान तथा व्यवसायिहरुसँगको सहकार्य र साझेदारीमा यान्त्रिकिकरण कार्यक्रममा दिईदै आएको अनुदानलाई थप विस्तार गरि निरन्तरता दिईने छ ।

११) गाउँपालिका कृषक साझेदारी कार्यक्रमलाई निरन्तरता दिदै त्यसलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१२) कृषकले वन्यजन्तु तथा प्राकृतिक प्रकोप तथा विभिन्न रोगहरुबाट व्यहोरीरहेको क्षतिबाट क्षतिपुर्ति हुने गरि कृषि तथा पशु वीमा कार्यक्रमको शुरुवात गरिनेछ ।

१३) कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्न तथा व्यवसायिक कृषि पेशामा आकर्षण बढाउन उत्कृष्ट कृषक छनोट गरि वार्षिक रुपमा वडा स्तरमा र गाउँपालिका स्तरमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

## पशुपंक्षी पालन तर्फ

१) अन्डा, मासु र दूधमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन पशुपालन व्यवसाय प्रति आकर्षण बढाई पशुजन्य उत्पादन मा प्रोत्सहन गर्न गाउँपालिका कृषक साझेदारी कार्यक्रम प्रभावकारी ढंगबाट कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमूना किसिमको गाईभैसि पालन, भेडा पालन, बाख्रा पालन, कुखुरा पालन बंगुर पालनको विकास र विस्तार गरिनेछ ।

२) गाउँपालिकामा दुध उत्पादन गर्ने पशुपालक कृषकहरुले उत्पादन गरेको दुधको बजारको सुनिश्चितता गर्नको लागी सञ्चालनमा रहेको दुग्ध डेरीहरुको स्तरिकरण गर्ने र नयाँ दुग्ध डेरिहरु सञ्चालको लागी आवश्यक व्यवस्था मिलाउनको साथै दुग्ध संकलन केन्द्रको व्यवस्था मिलाईनेछ ।

३) उमाकुण्ड गाउँपालिकाको पहिचानको रुपमा रहेको चौरीपालन व्यवसायको प्रवर्दनको लागी आवश्यक कार्यक्रमहरु अगाडी बढाईनेछ। चौरी पालक कृषकहरुले सामाना गरिरहेको समस्यहरु निराकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४) कृषकहरुलाई उन्ननत जातको गाई भैसि खरिद गर्दा दिईदै आएको अनुदानलाई निरन्तरता दिदै उन्नत जातको गाई भैसि पालनमा आकर्षित गरिनेछ ।

५) गाउँपालिकाको स्वामित्वमा रहने गरि उपयुक्त स्थानमा जग्गा व्यवस्था गरि फलफुल तथा अन्य विरुवा उत्पादन गर्दै विरुवामा आत्मनिर्भर हुन बहुउद्धेश्यीय नर्सरी स्थापना गरिनेछ ।

६) गाउँपालिका भित्रका सबै पशुपंन्छीमा लाग्ने बिभिन्न किसिमका रोग निदान, उपचार तथा गोबर परिक्षण गरिने कार्यक्रमलाई निरन्तरता दिदै सेवालाई सहज एवम् थप प्रभावकारी वनाउन आवश्यक पशु प्राविधिकहरुको व्यवस्था मिलाईनेछ । साथै पशु महामारी नियन्त्रणको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

७) पशुपालन व्यवसायलाई आधुनिक वनाउदै विविधिकरण गर्न पशु कृतिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रमको शुरुवात गरिनेछ । यसको लागी कर्मचारीहरुको क्षमता बिकास गर्न तालिमको व्यवस्था मिलाईनेछ । साथै पशु वीमा कार्यक्रमलाई अगाडी बढाईनेछ ।

## उद्यम विकास तर्फ

१)व्यवसायिक सीप विकास मार्फत गाउँपालिकामा पहिचान भएका उद्यमिहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडलमा नयाँ घरेलु उद्यमी सृजना गरि सम्भाव्य उत्पादनका लागी प्रविधि हस्तान्तरण गरिनेछ । नयाँ लघु उद्यमीहरुको आवश्यक्ता र पहिचानको आधारमा सीप विकास तालिम प्रदान गरि स्थानीय स्तरमा रोजगारीको सृजना र विकासमा टेवा पुऱ्याइनेछ। अति गरीव परिवारको लागी साझा सुविधा केन्द्र स्थापना गरिनेछ।

२) गाउँपालिका भित्र सञ्चालनमा रहेका लघु घरेलु, साना उद्योग, कृषि, पशु फर्महरुको क्षमत ाविकासमा जोड दिइ उद्योग प्रवर्द्धन गरी उत्पादनमा बृद्धि गरिनेछ।

३) उमाकुण्ड गाउँपालिकाभित्र रहेका स्थानीय श्रोत तथा साधनमा आधारित रहि गरिविको रेखामुनी रहेका नागरिकहरुको आर्थिक स्तर बृद्धि तथा सीप क्षमताको विकास गर्न स्थानीय स्तरमा लघु उद्यमहरुको स्थापना गरी न्यून आय भएका,उद्यम व्यवसाय गर्न चाहने नागरिकहरुका लागि वडा स्तरमा उद्यमशिलता विकासको माध्यमवाट मेडपा मोडलमा लघु उद्यमहरुको स्थापना विकास गरिनेछ।

४) गाउँपालिकाभित्र सृजना भएका लघु उद्यमीहरुद्धारा सञ्चालित लघु उद्यमको अवस्था पहिचान र विश्लेषण गरी आवश्यकताका आधारमा स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ। जसवाट स्थानीय स्तरमा सञ्चालनमा रहेका उद्यमहरुको विकास तथा विस्तार भई उत्पादनमा बृद्धि गरिनेछ।

५) उमाकुण्ड गाउँपालिका भित्र रहेका कृषक, कृषक समुह, कृषि सहकारी, उद्यमी, व्यवसायीहरुवाट उत्पादन भए गरिएका विभिन्न उत्पादनमूलक वस्तुहहरुको बजार प्रवर्द्धन गर्न गाउँपालिका स्तरमा कोसेली घरको अवधारणा मार्फत उत्पादित बस्तुहरुको बजार प्रवर्द्धनमा जोड दिइनेछ।

सहकारी तर्फ

१) गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेको सवै खाले सहकारीको नियमन/अनुगमन गरि जनताको लगानी सुरक्षाको सुनिश्चितता गरिनेछ । स्थापना भई निष्क्रिय रहेको सहकारीहरुको सक्रियताको लागी आवश्यक पहल गरिनेछ।

२) अत्यावश्यक वस्तु तथा सेवामा पहुँच नपुगेका, न्यून आय भएका, विपन्न उपभोक्ताहरुको सुविधा र राहतको लागी सहकारीतामा आधारित एक वडा एक सुपथ मुल्य पसल सञ्चालन गर्ने नीति अघि बढाईनेछ। यसमा उपर्युक्त उद्धेश्य सहित उमाकुण्ड गाउँपालिकामा स्थापना भएको सहकारीहरुको खोजी गरिनेछ।

३) सहकारीमा लगानी गर्ने उमाकुण्ड बासीको लगानीको सुरक्षाको लागी सहकारी संस्थाहरुलाई जिम्मेवार बनाईनेछ। सहकारी संस्थाहरुप्रतिको नागरिकको गुनासो सुनुवाई गर्न आवश्यक संरचना निर्माण गरिनेछ।

## पर्यटन तर्फ

१) उमाकुण्ड गाउँपालिका पर्यटकिय हिसावले सुन्दर र सम्भावनाले भरिएको गाउँपालिका हो । यस गाउँपालिकाको पर्यटकिय आकर्षणको केन्द्रको रुपमा रहेको ताँमे, उमातिर्थ(उत्तरकाँशी) लगाएतको क्षेत्रमा निर्माण भईरहेको पर्यटकिय पुर्वाधार निर्माणको कामलाई निरन्तरता र तिव्रता दिईनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाको सानको रुपमा रहेको प्राकृतिक गुम्वा काओछ्योर्तेन गुम्वालाई आकर्षक पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ ।

२) नागरिकले आफ्नै वडामा फुर्सदको समयमा घुमफिर गरि मनोरञ्जन प्राप्त गर्न सक्ने गरि एक वडा एक आकर्षक पर्यटकिय पुर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ । साथै गाउँपालिकामा निर्माणाधिन पर्यटकिय संरचनाको निर्माण कार्यलाई निरन्तरता दिनका साथै नयाँ पर्यटकिय गन्तव्यको विकास र विस्तारमा जोड दिईनेछ ।

# सामाजिक विकास क्षेत्र

## शिक्षा तर्फ

१) शिक्षक दरबन्दी कम भएको विद्यालयमा गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकहरुलाई निरन्तरता दिदैं सेवा सुविधालाई समय अनुकुल बढाइनेछ ।

२) सामुदायिक विद्यालयमा कार्यरत बालविकास केन्द्रका शिक्षक, विद्यालय कर्मचारी, र विद्यालय लेखा सहायक कर्मचारीहरुलाईदिइएको न्यूनतम् सेवा सुविधालाई निरन्तरता दिइनेछ ।

३) विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई नजिकाको सेवा क्षेत्रका विद्यालयसँग मर्ज गरी त्यहाँ कार्यरत् शिक्षक कर्मचारीहरुलाई जनशक्ति आवश्यक भएका विद्यालयमा दरबन्दी मिलान गरिनेछ ।

४) अति विपन्न, अपाङ्ग, असक्त र असहाय, दलित तथा सिमान्तकृत सामुदायका बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र उच्च शिक्षा हासिल गर्न आर्थिक अवस्था कमजोर भएको विद्यार्थीहरुलाई दिइने छात्रवृत्रि वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५) प्रत्येक वडामा क्रमिक रुपमा सामुदायिक पुस्तकालय स्थापना गरी पठन संस्कृतिको विकास गरिनेछ।

६) आफ्नै स्रोत साधनमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरी गाउँपालिका र वडाको सहकार्यमा एक वडा एक सामुदायिक नमूना विद्यालय निर्माण गरिनेछ ।

७) स्थानीय तहको मौलिक कला, संस्कृति, भाषा, धर्म, रीतिरिवाज, रहनसहन, समुदाय, प्राकृतिक स्रोत साधन तथा पर्यटकिय स्थालहरुको समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

८) गाउँपालिका भित्र रहेका विद्यालयहरुको भौगोलिकता र उपलब्ध सुविधाका आधारमा वर्गीकरण गरी टाढा सेवा क्षेत्रबाट अध्ययन गर्न आउने विद्यार्थीहरुलाई आवासीय रुपमा बस्ने छात्रवासको निर्माण गर्न र विद्यालय बसको व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग आवश्यक पहल र समन्वय गरिनेछ ।

९) उमाकुण्ड गाउँपालिका, वडा र सामुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडामा क्रमशः बालबालिकाहरुलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरु सहितको बाल उद्यान निर्माण गर्ने नीति लिइनेछ ।

१०) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन विद्यालयका बालक्लव मार्फत उमाकुण्ड गाउँपालिकाको शिक्षा ऐनले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै वडा स्तरीय बालक्लवले मासिक रुपमा वडाको लिडर माविमा र गाउँपालिकाले अन्तर विद्यालय प्रतिस्पर्धात्मक गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गरि विद्यार्थीहरुको प्रतिभा पहिचान गरिनेछ ।

११) नमूना विद्यालयका लागि आवश्यक मापदण्ड र पूर्वाधार पुगेको माध्यमिक विद्यालयलाई नमूना विद्यालय निर्माण गर्न संघिय सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ ।

१२) विद्यालयमा स्थानीय विशेषता, आवश्यकता र सम्भावनाका आधारमा तोकिएको गुणस्तर मापदण्ड पूरा गर्न सकिने विधाका प्राविधिक तथा व्यावसायिक शिक्षा (डिप्लोमा) तहसम्मका कार्यक्रम संचालन गर्न प्रदेश सरकार र संघिय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

१३) एक माध्यमिक विद्यालय एक चमेना गृह र हरित विद्यालय कार्यक्रम क्रमिक रुपमा संचालन गरिनेछ ।

१४) प्रत्येक माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्सको व्यवस्था गरी स्वस्थ समाज निर्माण गर्न गाउँपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखि विद्यालय नर्स, स्वास्थ्य संस्था र अन्य संघसंस्थासँग सहकार्य गरी प्रत्येक विद्यालयमा वर्षमा २ पटक स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ ।

१५) विद्यालय संचालनका क्रममा आइपरेको समस्या र गरेका राम्रा पक्षहरुका बारेमा एक आपसमा सुझाव आदनप्रदान गर्न शैक्षिक भ्रमण तथा वडा भित्रको विद्यालयको सिकाई सुधार र शैक्षिक योजना, नीति तथा कार्यक्रम निर्माण गर्न प्रत्येक महिनाको अन्तिम शुक्रबार वडास्तरीय प्रधानाध्यापकहरुको मासिक बैठक बसी सो मासिक प्रतिवेदन गाउँपालिकामा पेश गर्ने व्यवस्था मिलाइने छ । सो कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरी अगुवा मा.वि.का प्र.अ.लाई जिम्मेवार बनाइनेछ ।

१६) गाउँपालिका भित्रको माध्यमिक विद्यालयहरुमा CCTV र विद्युतिय हाजिरीको व्यवस्था गरी गाउँपालिकाबाटै अनुगमन गरिने व्यवस्था मिलाइनेछ । कक्षा १-८ चालेको आधारभूत विद्यालयमा सोलार र ICT ल्याबको व्यवस्था क्रमिक रुपमा गरिनेछ। साथै कक्षा १-५ चालेको विद्यालयमा एक आवि एक कम्प्युटर प्रिन्टरको व्यवस्था गरिनेछ।

१७) बालबालिकाको सर्वाङ्गीण विकासको लागि नेपाल सरकारले बाल विकास कक्षा देखि कक्षा ५ सम्मको विद्यार्थीलाई दिवा खाजा कार्यक्रम संचालन गरेकोमा र एउटै विद्यालयका विद्यार्थीहरुमा पनि कसैलाई खाजा सुविधा रहेको र कसैलाइ नरहेको अवस्थाको मध्यनजर गर्दै सवैलाई समान रुपमा खाजा सुविधा उपलब्ध गराउनको लागि कक्षा ७ देखि १२ सम्मका सम्पुर्ण विद्यार्थी तथा शिक्षकहरुलाई दिवा खाजा कार्यक्रम संचालन गरिनेछ।

१८) माध्यमिक विद्यालयलाई वडाको अगुवा विद्यालयको रुपमा स्थापना गरी अन्य विद्यालयका लागि अध्ययन अनुसन्धान गर्ने थलोको रुपमा स्थापित गरिनेछ।

१९) प्रत्येक वर्ष गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत गरिव तथा जेहेन्दार र दलित विद्यार्थी मध्येबाट प्रतिस्पर्धाको आधारमा छनौट गरी विज्ञान, गणित र अंग्रेजी विषयमा कम्तिमा स्नातक तह सम्म अध्ययन गर्न छात्रवृत्ति व्यवस्था गर्ने र गाउँपालिकाको छात्रवृत्ति प्राप्त गरी अध्ययन पुरा गरेका विद्यार्थीले न्यूनतम् ५ वर्ष गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयमा स्वयंसेवक शिक्षकको रुपमा काम गर्ने व्यवस्था मिलाइनेछ।

२०) सामुदायिक विद्यालयको शिक्षालाई प्रभावकारी, गुणस्तर र समयसापेक्ष बनाउन प्रत्येक विद्यालयका प्रधानाध्यापकसँग गाउँपालिकाले कार्यसम्पादन करार सम्झौंता गर्ने र प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षक कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था मिलाईनेछ । कार्यसम्पादन करार सम्झौता भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताकोआधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक कर्मचारीहरुको मूल्याङ्कन गरी हरेक वर्ष **"उत्कृष्ट वर्ष शिक्षक कर्मचारी र विद्यालय"** का रुपमा सम्मान तथा पुरस्कार गर्ने व्यवस्था मिलाइनेछ। साथै कमजोर नतिजाहासिल गर्ने शिक्षक कर्मचारी र विद्यालयहरुलाई दण्डित गरिनेछ।

२१) प्रत्येक माध्यमिक विद्यालयलाई उद्यमशीलता र व्यवसायिक कार्यक्रमसँग जोडी बालबालिकालाई उद्यमी र पौरखी नागरिक बनाइनेछ।

२२) सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक, बालविकास केन्द्रमा कार्यरत सहजकर्ता र विद्यालय कर्मचारीहरुको मनोवल उच्च राख्न तथा पेशाप्रति समर्पित, कर्तव्यनिष्ठ र लगनशिल बनाउन पेसागत विकासका तालिमलाई अनिवार्य शर्त बनाई प्रोत्साहन मुलक कार्यक्रमको व्यवस्था गरिनेछ।

२३) शिक्षक कर्मचारीहरुको आवश्यकताको आधारमा विषयगत रुपमा पेसागत तालिम तथा अनुभव आदनप्रदान कार्यक्रम संचालन गरिनेछ। साथै स्काउट र बालक्लवलाई सक्रिया गराइनेछ ।

स्वास्थ्य तर्फ

१) गाउँपालिकामा रहेका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाईहरुमा औषधि तथा स्वास्थ्य उपकरणको अभाव हुन नदिई त्यस्ता संस्थाबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवा थप गुणस्तरीय बनाउँदै विपन्न, सिमान्तकृत तथा पछाडि परेका समुदायहरुमा आवश्यकताका आधारमा स्वास्थ्यसेवाको विस्तार गर्न उमाकुण्ड गाउँपालिकाको स्वास्थ्य नीति र स्वास्थ्य ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

२) संघिय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्वब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिका वासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चितता गदै आवश्यकताको आधारमा घुम्ति स्वास्थ्य सेवा क्लिनिक संचालन गर्ने व्यवस्था मिलाईने छ । साथै खोप केन्द्रहरुको निर्माण गरि खोप कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

३) स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने तथा स्वास्थ्य क्षेत्रमा शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइनेछ ।

४) स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्थालाइ निरन्तरता दिइनुका साथै सुरक्षीत मातृत्व तथा परिवार नियोजन कार्यक्रमलाइ प्रभावकारी बनाईनेछ ।

५) जेष्ठ नागरिक, दिर्घरोगी, मानसिक रोगी र सर्वसाधरणको स्वास्थ्य जाँचका साथै परामर्श प्रदान गर्न जनतासँग डाक्टर कार्यक्रमको शुरुवात गरिनेछ ।

६) उमाकुण्ड गाउँपालिकामा बसोबास गर्ने दिर्घरोग लागी उपचार गराईरहेको विपन्न नागरिकहरुलाई आवश्यक औषधि वितरण गर्ने कार्यको थालनी गरिनेछ ।

७) उमाकुण्ड गाउँपालिका भित्रका गर्भवति महिलाहरुलाई सुरक्षित प्रसुतिको व्यवस्था मिलाउनको लागी निशुल्क एम्वुलेन्स सेवा सञ्चालन गरिनेछ । साथै गम्भिर प्रकृतिको गर्भवति महिलाहरुको सुरक्षित प्रसुतिको लागी सञ्चलनमा रहेको हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८) उमाकुण्ड गाउँपालिका वडा नं २ बाम्तिमा निर्माणाधिन १० सैयाँको आधारभूत अस्पताल भवन र उमाकुण्ड ४ मा निर्माणाधिन ५ सैयाँको आधारभूत अस्पताल भवन निर्माणको काम समयसिमा भित्र सम्पन्न गरि अस्पताल सञ्चालनको आवश्यक व्यवस्था मिलाईनेछ ।

९) महिला स्वास्थ्य स्वयमसेविका र आमा समूहहरुको शसक्तिकरण गर्ने र प्रोत्साहन मुलक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०) गाउँपालिकालाई पुर्ण खोपयुक्त दिगोपना मातृ तथा शिशु मृत्युदरलाई शुन्यमा झार्न विभिन्न निकायहरुसँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई तर्फ

१) खानेपानीको समस्या भोगीरहेका उमाकुण्ड गाउँपालिकाको सवै घरधुरीमा खानेपानीको सहज अपुर्ति हुने गरि व्यवस्था मिलाईनेछ । उपभोक्ताको समेतको साझेदारीमा १ घर १ धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२) उमाकुण्ड गाउँपालिकाको केन्द्र च्यादलु र बाम्ति भण्डारमा खानेपानी समस्या समाधानको लागी संघीय तथा प्रदेश सरकारसँगको साझेदारीमा बृहत खानेपानी योजना सञ्चालन गरिनेछ।

३) खानेपानीको मुहान सरसफाई र संरक्षणमा विशेष ध्यान दिईनेछ ।

४) सार्वजनिक स्थलहरुमा खानेपानी, प्रतिक्षालय, पार्किङको व्यवस्था मिलाई फोहोरमैला व्यवस्थापनको लागी डस्टविन राख्ने व्यवस्था मिलाईनेछ ।

५) गाउँपालिकामा व्यवसाय गर्ने व्यवसायीहरुले मदिराजन्य बोतलहरु जथाभावी फाल्ने प्रवृत्तिको विकास भई वातावरण विग्रनुको साथै दुर्घटना र चोटपटकको डर भएको नागरिकको गुनासो आईरहेको छ । यस्ता किसिमको सिसाजन्य वोतलहरु सम्वन्धित व्यवसायीहरुलनै उचित व्यवस्थापन गर्नुपर्ने गरि नीति बनाईनेछ ।

## युवा तथा खेलकुद तर्फ

१) स्वस्थ र दीर्घ जीवनका लागि खेलकुद भन्ने मान्यतालाई आत्मसात गर्दै खेलकुद विकासको नीति अवलम्बन गरिनेछ ।

२) उमाकुण्ड गाउँपालिकाको केन्द्रमा सुविधा सम्पन्न खेल पुर्वाधार निर्माण गर्नुको साथै प्रत्येक वडामा मापदण्ड बमोजिमको खेलमैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३) गाउँपालिकाबाट खेलाडी उत्पादन गर्नको लागी राष्टपृति रनिङ शिल्ड प्रतियोगिताको साथै अन्य खेल प्रतियोगिताहरु निरन्तर सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

४) सम्पुर्ण खेलकुद क्षेत्रको विकासको लागी आवश्यक समन्वय र व्यवस्थापन गर्न आवश्यक नीति बनाई गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्ने व्यवस्था मिलाईनेछ ।

५) उमाकुण्ड गाउँपालिका स्थाई ठेगाना भई विभिन्न विधामा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेल प्रतियोगिता खेलेका राष्ट्रिय खेलाडीहरुको सम्मान गर्दै, उनीहरुको अनुभवको भरपुर उपयोग गरिनेछ ।

६) गाउँपालिका भित्रको युवालाई स्वरोजगार बनाई जिविकोपार्जमा सहयोग पुऱ्याउन र रोजगारका अवसर सिर्जना गर्न गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरी सीप विकास तालिम संचालन गरिनेछ । ७) युवामैत्री नीति तर्जुमा गरी प्रत्येक वडामा युवालाई संगठित गरी उनीहरुको नेतृत्व क्षमता विकासका लागि अवसरहरु सिर्जना प्रत्येक वडामा युवा क्लब गठन गरिनेछ ।

८) सामुदायिक विद्यालयहरुमा खेलकुदलाई पाठ्यक्रमको अभिन्न अङ्गको रुपमा बनाइनेछ ।

## समावेशीकरण लक्षित समुह तथा सामाजिक सुरक्षा कार्यक्रम तर्फ

१) लक्षित वर्गको कार्यक्रम संचालन गर्दा उत्पादनमुखी,सिपमुलक तथा सचेतनामुलक कार्यक्रममा जोड दिँदै जेष्ठ नागरिक हरुको अनुभव र सिपको संरक्षणका लागी अर्न्तपुस्ता सिप हस्तान्तरण कार्यक्रममा जोड दिईनेछ ।

२) सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सेवा सुविधा लगायतका सवै क्षेत्रमा लक्षित समुदायको सम्मानजनक उपस्थिति गराउने नीति लिइनेछ ।

३) महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सीपमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

४) विपन्न समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अधिवृद्धि सम्बन्धी कार्यक्रम ल्याइनेछ ।

५) अपाङ्गता भएका, टुहुरा, लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रम लागु गरिनेछ ।

६) भविष्यको कर्णधार बालबालिका माथी हुने सवै खाले शोषन, दुर्व्यवहार, बालश्रम, बालविवाह जस्ता विभेदको अन्त्य गरि बालमैत्री गाउँपालिका निर्माणको निर्माण गरिनेछ ।

७) जातीय भेदभाव तथा छुवाछुत उन्मुलनका लागी आवश्यक नीति अवलम्बन गर्दै यस्तो कुप्रथा अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

८) “ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप, अनुभव र योगदानको कदर गदै सुरक्षित र सम्मानित जीवन यापनको लागी विशेष कार्यक्रम सञ्चालन गर्नको साथै हौसला प्रदान गर्न ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम लाई निरनतरा दिइनेछ ।

९) दलित समुदायको मौलिक तथा परम्परागत पेशा, ज्ञान, सीप र कलाको संरक्षणका लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०) सामाजिक सुरक्षा कार्यक्रमबाट नागरिकहरु बञ्चित नहुन भन्ने उद्धेश्य सहित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको तथ्यांक संकलन कार्यलाई व्यवस्थित बनाउनको साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले समयमानै भत्ता प्राप्त गर्ने गरि निकासा प्रणालीलाई यथासक्य छिटोछरितो बनाईनेछ ।बैंकिङ प्रणाली मार्फत भत्ता वितरण गर्दा देखा परेका समस्याका सम्वन्धमा भत्ता वितरण गर्ने बैंकसँगको संवाद एवम सहकार्यको माध्यमबाट समस्या समाधान गरि छिटो छरितो र सरल रुपमा सुविधा प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।

११) घटना दर्ता, पञ्जीकरण र सामाजिक सुरक्षा सम्वन्धि कानूनी व्यवस्थाको विषयमा सम्वन्धित कर्मचारी र सर्वसाधरणलाई अभिमुखिकरणको व्यवस्था मिलाई यस सम्वन्धि सचेतनाको विकास गरिनेछ।

## पुर्वाधार विकास क्षेत्र

### स्थानीय सडक र पुल तर्फ

१) संघीय राजधानी, प्रदेश राजधानी, तथा जिल्ला सदरमुकाम हुँदै गाउँपालिकाको केन्द्र जोड्ने सडक शुरुवात भएता पनि विभिन्न कारणले अवरुद्ध भईरहेकोमा गाउँपालिकाको केन्द्र जोड्ने सडक कालोपत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राख्दै गाउँपालिकाको वडा नं २ बाम्ति सम्मको सडक कालोपत्रेको लागी आवश्यक पहल गरिनेछ ।

२) संघीय तथा प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाको केन्द्र सम्म छोटो दुरीमा नागरिकहरुको सहज पहुँच पुग्ने मध्यमार्गी सडक स्तरोन्नतिको व्यवस्था मिलाईनेछ ।

३) आर्थिक सामाजिक कृयाकलापहरु विस्तार गर्न र नागरिकलाई आवतजावतमा सहजताको लागि एक वडा एक सडकको अवधारणा अनुसार सवै वडाको केन्द्र जोड्ने सडक १२ महिना सहज रुपमा चल्न सक्ने गरि स्तरोन्नति गर्ने नीति लिइनेछ ।

४) गाउँपालिकाले वडा तथा टोल स्तरमा निर्माण गरेको सडकहरु प्रभावित उपभोक्ताहरुसँगको साझेदारीमा नियमित स्तरोन्नति गर्ने नीति लिईनेछ ।

५) निर्माणाधिन सडक पुल तथा झोलुङ्गे पुलको निर्माण कार्य समयसिमा भित्रै सम्पन्न गराइनेछ साथै अन्य आवश्यक स्थानमा समेत सडकपुल र झोलुङ्गे पुल निर्माण प्रकृया अगाडी बढाउने नीति लिईनेछ।

६) निर्माण सम्पन्न भएका सडकहरुको तथ्यांक अद्यावधिक गरि निश्चित अनुपातमा स्तरोन्नतिको कार्यलाई निरन्तरता दिईनेछ ।

७) भौतिक पूर्वाधारहरु निर्माण गर्दा स्थानीय स्रोत-साधन तथा जनशक्तिको उपयोग गरी मौलिकता झल्किने, रोजगारीको अवसर सृजना हुने तथा दिगो विकासमा आधारित पूर्वाधारहरु निर्माणमा जोड दिइनेछ ।

## सिंचाई तर्फ

१) साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अवलम्बन गरिनेछ।

२) अवरुद्ध भएका, मर्मत संभार गर्नुपर्ने साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै अत्यावश्यक ठाउँहरुमा  नयाँ सिंचाई योजनाको शुरुवात गरिनेछ ।

३) ठुला सिंचाई योजना निर्माण र आधुनिक ( लिफ्ट तथा डिप ) प्रविधि भित्र्याउन केन्द्र सरकार तथा प्रदेश सरकार र साझेदार संघसंस्थासँग पहल गरिनेछ ।

## भवन तर्फ

१) उमाकुण्ड गाउँपालिकामा नयाँ निर्माण हुने घर तथा भवनहरु निर्माण गर्दा भवन निर्माण आचारसंहिता र भुकम्प प्रतिरोधि मापदण्ड बमोजिम नक्शा पास गरेर मात्र निर्माण गर्ने नीति लिईनेछ ।

२) निर्माण कार्य शुरु भएको उमाकुण्ड गाउँपालिकाको प्रशासकीय भवन, १० सैयाको बाम्ति आधारभूत अस्पताल भवन, ५ सैयाँको च्यादलुमा निर्माण भईरहेको अस्पताल भवन निर्माण कार्य छिटै सम्पन्न हुने गरि आवश्यक व्यवस्था मिलाईनेछ । निर्माण हुन बाँकी वडा कार्यालयहरु, विद्यालय भवनहरु, स्वास्थ्य संस्थाको भवनहरु निर्माणको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

## उर्जा तर्फ

१) उमाकुण्ड गाउँपालिकाको प्रत्येक टोल वस्तिमा केन्द्रय विद्युत प्रशारण लाईनको विस्तार गर्ने योजना र अभियान अर्न्तगत केन्द्रिय विद्युत प्रशारण लाईन विस्तारको अन्तिम चरणमा रहेको वडा नं १ र वडा नं ६ को टोल वस्तिहरुमा केन्द्रिय विद्युत प्रशारण लाईन विस्तार गर्नको साथै आवश्यक्तानुसार केन्द्रिय विद्युत प्रशारण लाईनको जिर्ण संरचनाहरु मर्मत संभारको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

२) घरलाई धुवाँ मुक्त बनाउन र खाना पकाउने ग्याँसको विस्थापन र विद्युत खपत बढाउने योजना अनुरुप विद्युतिय चुलो वितरणको कार्यक्रम प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

३) हाल निर्माणाधिन हाइड्रोपावर को कामलाई तिव्र गतिमा अगाडि बढाई तोकिएकै समयसिमा भित्र सम्पन्न गर्न आवश्यक सहयोग र सहजिकरण गरिनेछ । भने यस गाउँपालिकाको सम्भावित विद्युत आयोजना सञ्चालन गर्नको लागी आवश्यक वातावरण तयार गरिनेछ। साथै

जलविद्युत आयोजना प्रतिको नागरिकको गुनासोको सुनुवाईको लागी आवश्यक सहजीकरण गरिनेछ ।

४) बेला बेला बत्ति गईरहने र आवश्यक्तानुसार विद्युत आपुर्ति नहुने समस्याको दिर्घकालिन समाधानको लागी बाम्ति सवस्टेशन मार्फत विद्युत वितरणको लागी आवश्यक पहल गरिनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

१) वातावरण, सरसफाई तथा विपद्व्यवस्थापनका क्षेत्रमा उदाहरणीय कार्य गर्ने ब्यक्ति, समूह र संघ संस्थालाई पुरस्कृत गरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२) उमाकुण्ड गाउँपालिकाको खाली जग्गा रहेको विभिन्न क्षेत्रमा नीजि क्षेत्र र विभिन्न संघसंस्थाहरु सँगको साझेदारीमा आयमुललक विरुवाको वृक्षारोपण गरि आय वृद्धि गर्नको साथै स्वच्छ, सुन्दर, सफा र हरियालीयुक्त गाउँपालिकाको विकास गर्ने कार्य अगाडी बढाईनेछ ।

३) विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका लागि बिशेष नीति लिइनेछ । गाउँपालिकामा आपत्कालिन कार्य संचालन केन्द्र स्थापना  गरि त्यसलाई आधारभूत स्रोतसाधन सम्पन्न बनाईनेछ ।

४) महामारी, प्राकृतिक प्रकोप तथा अन्य विपत्तिहरुको व्यवस्थापन गर्न गाउँपालिकामा स्थापना भएको प्रकोप व्यवस्थापन कोषको समूचित परिचालन गरिनेछ । साथै विभिन्न किसिमको प्रकोप जन्य घटनाबाट क्षति व्यहोरेको र गम्भिर प्रकृतिको रोग लागी उपचार गरिरहेको विपन्न नागरिकहरुलाई दिईदै आएको आर्थिक सहायतालाई निरन्तरता दिईनेछ ।

५) गौरीशंकर संरक्षण क्षेत्र तथा वनजंगल नजिक बसोबास गरेका नागरिकहरुको जन,धन तथा बालीनाली लगायतका अन्य कृषि उत्पादनहरु संरक्षण क्षेत्रबाट आउने जंगली जनावरहरुबाट हुने नोक्सानीको रोकथामका लागि गौरीशंकर संरक्षण क्षेत्रसँग समन्वय गरी क्षतिपूर्तिका व्यवस्था गर्ने एवंम क्षति न्यूनिकरण गर्ने नीति लिइनेछ ।

## सुशासन तथा संस्थागत विकास क्षेत्र

१) गाउँपालिका मातहतमा कार्यरत कर्मचारीहरुलाई उच्च मनोवल सहित कर्तव्य निष्ठ बनाउन कार्यक्षमता अभिवृद्धि गर्न प्रविधिमैत्री कार्यसम्पादनमा जोड दिदै आवश्यक प्राविधिक तालिम, प्रशिक्षण तथा उपकरणहरुको व्यवस्थापन र अध्ययण अवलोकन भ्रमणमा जोड दिईनेछ । कर्मचारीहरुलाई संघीय सरकार, प्रदेश सरकारले प्रदान गरेका सेवा, सुविधाका साथै कार्यसम्पादनको आधारमा दण्ड, पुरस्कृति र प्रोत्साहन गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

२) गाउँपालिकाले कार्यालयको संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण प्रतिवेदन तयार गरि त्यसको आधारमा कर्मचारीहरुको व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाउने छ ।

३) कार्यालयको सूचना प्रणालिलाई एकिकृत गरि व्यवस्थित गर्न सूचना तथा अभिलेख केन्द्र स्थापना गरि त्यसलाई व्यवस्थित गरिनेछ।

४) जिन्सी प्रणाली व्यवस्थित बनाउन सार्वजानिक सम्पत्तिहरुको संरक्षण र अभिलेखिकरण गर्न सार्वजानिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य लागु गरिनेछ ।

५) कार्यालयबाट सम्पादित कार्यहरुको पारदर्शिता कायम गराउन सार्वजानिक सुनुाई, सार्वजानिक परिक्षण, सामाजिक परिक्षण, बुलेटिन प्रकाशन लगाएतको कामलाई प्रभावकारी बनाईनेछ ।

६) उपभोक्ता समिति, निर्माण व्यवसायी, लाभग्राही समुदाय, वडा कार्यालय, सम्वन्धित विषयगत समितिसँग आवश्यक समन्वय र सहजिकरण गरि पुँजीगत अनुदान तर्फको योजनाहरु चैत्र मसान्त सम्म सम्पन्न गरि पुँजीगत खर्च गरिसक्ने नीति गाउँपालिकाले लिनेछ। यसरी चैत्र महिना भित्रै योजना कार्यक्रम सम्पन्न गरि पुँजीगत खर्च गरि सक्ने वडाहरुलाई प्रोत्साहन स्वरुप थप योजनाहरु कार्यान्वयनको लागी हस्तान्तरण गर्ने नीति लिईनेछ ।

७) भूमीहिन दलित, भूमीहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान गरि जग्गा वितरणको प्रक्रिया अगाडी बढाईनेछ ।

८) गाउँपालिका अध्यक्षको नेतृत्वमा गाउँपालिकाको उच्च प्राथमिकतामा रहेको विशेष आयोजना/कार्यक्रमहरुको उच्च स्तरिय अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

९) गाउँपालिकाको श्रोत, साधन र सम्पत्तिको उच्चतम प्रयोग गरिनेछ। अनावश्यक, अनुत्पादक र प्रशासनिक खर्च घटाई विकास कार्यमा गरिने पुँजीगत लगानीमा बृद्धि गर्दै लगिनेछ ।

१०) वित्तीय पारदर्शिता तथा सुशासनका लागि गाउँ कार्यपालिपालिका कार्यालय, विषयगत शाखा, इकाई तथा वडा कार्यालय, स्वास्थ्य संस्था तथा विभिन्न संघ संस्थाबाट संचालन गरिने सवै प्रकृतिका कार्यक्रमहरु बैठक, गोष्ठी, सभा लगायत अन्य कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा हुने अनुमानित खर्च कार्यक्रम हुनु भन्दा पहिला  र यथार्थ खर्च कार्यक्रम समापन भएपछि अनिवार्य रुपले सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।

११) उपभोक्ताहरुको स्वास्थ्यलाई ध्यानमा राखी बजार अनगमनलाई कार्यलाई निरन्तरता दिईनेछ । पेशा व्यवसायीहरुले आफुले विक्रि वितरण गर्नुपर्ने माल सामानहरुको अनिवार्य मुल्यसूची टाँस्नुपर्ने कानूनी व्यवस्थालाई अनिवार्य गरिनेछ । मानव स्वास्थ्यलाई हानी पुऱ्याउने गरि कुनै व्यवसायीले निहित स्वार्थ पुरा गर्न कानून विपरीत म्याद नाघेका, गुणस्तरहिन वा अखाद्य पदार्थ मिसाइएका माल सामान, खाद्यान्न वा कुनै उपभोग्य वस्तु विक्रि गरेमा कानुन बमोजिम कारबाहीको दायरामा ल्याईनेछ ।

१२) न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा आधारित न्याय निरुपण गर्न न्यायीक समिति तथा प्रत्येक वडामा रहेका सामाजिक मेलमिलाप सहजकर्ताहरुको क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

१३) शासकीय प्रवन्ध, सेवा प्रवाह र विकास निर्माणको लागी स्थानीय सरकारको जिम्मेवारी र क्षेत्राधिकार भित्र रहि उमाकुण्ड गाउँपालिकाले ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन गरि हालसम्म ५८ ओटा कानून जारी भएका छन । आगामी दिनमा तिनको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।

१४) संघ प्रदेश र अन्तर स्थानीय तह विचको समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

## राजश्व परिचालन तर्फ

१) आर्थिक सामाजिक विकास तथा पुर्वाधार निर्माणको कार्य विस्तारै आफ्नै श्रोतले धान्ने गरि गाउँपालिकाको समृद्धिको लागी आवश्यक पर्ने आर्थिक श्रोत जुटाउन सम्भाव्य आन्तरिक श्रोतको खोजि गरि नेपालको संविधानले निर्दिष्ट गरेको शुल्क कर तथा दस्तुर संकलन गर्ने र बाँडफाँडबाट प्राप्त हुने कर, शुल्क तथा रोयल्टिहरुको प्रभावकारी रुपमा परिचालन गरि गाउँपालिकाको स्रोत परिचालनमा आन्तरिक स्रोतको हिस्सा अभिवृद्धि गरिनेछ ।

२) गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा बिस्तार, र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ । यसको लागी उमाकुण्ड गाउँपालिकाको सवै वडामा पेश व्यवसाय गरिरहेको सवै उद्योगी व्यवसायीहरुलाई करको दायरामा अवद्धता गरिनेछ ।

३) वित्तिय श्रोत परिचालन र व्यवस्थापनमा नीजि क्षेत्र र नागरिक समाजको सहभागीता र सहकार्यलाई बढाउँदै लगिनेछ । सम्पुर्ण करदातालाई स्वतस्फुर्त रुपमा करको दायरामा ल्याई आफुले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभुति दिलाईनेछ । गाउँपालिकालाई नियमित र सवै भन्द बढि कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई व्यवस्थित ढंगबाट अगाडी बढाईनेछ ।

४) गाउँपालिकाको स्वामित्वमा भोगाधिकार रहेको र गाउँपालिकाले संरक्षण र परिचालन गर्नसक्ने जग्गा जमिन तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरि राजश्व आम्दानि गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ । यस्तो श्रोतको परिचालन गर्द नियमानुसार प्रतिस्पर्धाको सिद्धान्तलाई अंगिकार गरिनेछ ।

५) गाउँपालिकाको सम्पुर्ण जनप्रतिनिधिहरु, गाउँपालिका अर्न्तगत कार्यरत कर्मचारीहरु, शिक्षक, स्वास्थ्य कर्मिहरु, र विभिन्न सेवा सँग सम्वन्धित कर्मचारीहरुको आफ्नो घर बहालमा दिएको खण्डमा घर बहाल कर, थप व्यवसाय गरेको भए व्यवसाय कर, र सम्पत्ति कर समयमानै बुझाउन अनिवार्य गरिनेछ । साथै बहालमा बस्ने जनप्रतिनिधि, कर्मचारी स्वास्थ्यकर्मि, शिक्षकहरुले आफु बसेको घरधनिलाई बहाल कर र व्यवसाय कर बुझाउन प्रेरित गर्नुपर्नेछ ।

६) सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नवीकरण र सूचिकृत गर्ने कार्य छिटो, छरितो, सरल र पारदर्शी बनाईनेछ । दर्ता नविकरण तथा सूचिकृत विना व्यवसाय गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति लिईनेछ ।

७) गाउँपालिकामा रहेको विभिन्न सडक क्षेत्रहरुको अतिक्रमण गरि विभिन्न माल सामान राखि सवारी आगमनमा असहज अवस्था सृजना गर्ने कार्य बढिरहेकोले त्यसलाई निरुत्साहित गर्न त्यसरी मालसामन राखि सडक आवगमन असहज बनाउने व्यक्ति तथा समूहसँग दैनिक कर अशुल गर्ने कार्यको शुरुवात गरिनेछ ।

८) उपभोक्ता समिति मार्फत सञ्चालन हुने कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिको पदाधिकारीहरुले गाउँपालिकालाई बुझाउनुपर्ने कर, शुल्क, दस्तुर चुक्ता गर्नुपर्ने नीतिको कार्यान्वयन गरिनेछ ।

## सूचना प्रविधि तर्फ

१) गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा भएका कार्यलाई कम्प्युटर प्रणालीमा व्यवस्थित गरिनेछ ।

२) गाउँपालिकामा ईन्टरनेट सहितको नेटवर्किङलाई व्यवस्थित र प्रभावकारी बनाउन डेडिकेटेड इन्टरनेट सेवाको क्षमता विकास गरिनेछ ।

३) गाउँपालिकाको आफ्नै सर्भरमा तथ्यांक राखि यसको संरक्षण गर्ने कार्य अगाडी बढाइनेछ ।

४) गाउँपालिकामा ई-गभर्ननेन्स प्रणालीको विकास गर्न आवश्यक पुर्वाधारको निर्माण एवम सोको प्रभावकारी सञ्चालनको व्यवस्था मिलाईनेछ ।

## रोजगारी सृजना

१) उमाकुण्ड गाउँपालिकामा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई रोजगारिको सुनिश्चि गरिनेछ । गाउँपालिकाको सवै खाले योजना सञ्चालन गर्दा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकतामा रखिनेछ ।

२) स्थानीय स्तरमा रोजगारी सृजना हुने किसिमको घरेलु तथा साना उद्योगको विकास र विस्तारमा जोड दिनको साथै कृषि तथा पशुपालनमा युवाहरुलाई प्रोत्सहन गरि कृषि तथा पशुपालन व्यवसायीलाई मर्यादित पेशाको रुपमा विकास गरि विदेश जाने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

गाउँसभा सदस्यज्यूहरु

सुखी र समृद्ध उमाकुण्ड गाउँपालिकाको नारालाई व्यवहारमा उतार्न यो वार्षिक नीति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सवैको संयुक्त

प्रयास, समन्वय, सहकार्य र अपनत्वबोधबाट प्रस्तुत नीति तथा कार्यक्रम उमाकुण्ड गाउँपालिकाको विकासमा कोशेढुंगा सावित हुनेछ भन्ने दृढ विश्वास लिएको छु ।

उमाकुण्ड गाउँपालिकाको समग्र विकास र नागरिकको आर्थिक स्तर अभिवृद्धिको आधार तय गर्ने यो वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने गाउँपालिकामा क्रियाशिल विभिन्न राजनीतिक दल, बिषयगत समिति, विषयगत शाखा, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्व, स्थानिय सामाजिक संघ संस्था लगायत देश विदेशमा रहनुहुने आम उमाकुण्ड वासी दाजुभाई दिदीबहिनीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद

श्री शेर बहादुर सुनुवार
गाउँपालिका अध्यक्ष